# सैनामैना नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# बुद्धनगर, रुपन्देही

# ५ नं. प्रदेश, नेपाल।

## नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी जवान पदको पाठ्यक्रम

**परीक्षाको किसिम**

| क्र.सं. | चरण | विवरण | पूर्णाङ्क | उत्तिर्णाङ्क |
|---|---|---|---|---|
| १ | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| | | शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा | ५० | २० |
| २ | दोस्रो चरण | सामान्य स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| ३ | तेस्रो चरण | लिखित परीक्षा | ५० | २० |
| ४ | चौथो चरण | अन्तर्वार्ता परीक्षा | २० | - |

**१. प्रथम चरण**

### प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा

## प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षामा अयोग्य हुने अवस्थाहरु :

१. अंगभंग/कुरुप देखिने
२. हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरु ठिक नभएको
३. घुंडा knee lock भएको अथवा Rickets भई फाटिएको(K2रK2) भन्दा माथिको ।
४. धेरै चेप्टो पैताला भएको(भालु पाईले)
५. प्रष्ट बोली नभएको/भकभके
६. लठ्यौरो
७. ढाड कुप्रो भएको
८. शरीर पुरा झुकाउन नसक्ने
९. जिउ कोल्टे परेको (बाङगो शरीर भएको)
१०. दुवी भएको

११. कपाल झरेको, फुलेको वा रंगाएको

१२. लुरे( उचाई अनुसार अत्याधिक दुब्लो) कम्तीमा ५० के.जी. पुरुष र ४२ के.जी. महिला

१३. आँखा डेढो भएको

१४. कुनै एक आँखा चिम्लन नसक्ने

१५. उचाई अनुसार हुनु पर्ने तौल भन्दा अत्याधिक बढी तौल भएको

१६. शरीर मोटो तर हात खुट्टा झिनो देखिने

१७. अनुहारमा अस्वभाविक दागहरु भएको

१८. शरीरको बाहिर देखिने भागमा ट्याटु मार्क बनाएको

१९. २ वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको

२०. भेरिकोच वा नशा फुल्ने भएको

**शारीरिक तन्दुरुस्ती परीक्षा**

| ईभेन्टस्को नाम | पूर्णाङ्क | उत्तीर्णाङ्क | उच्चतम तथा न्यूनतम समय सीमा | |
|---|---|---|---|---|
| | | | पुरुषको लागि (उच्चतम तथा न्यूनतम) | महिलाको लागि (उच्चतम तथा न्यूनतम) |
| २०० मिटर दौड | १० | ४ | ३० सेकेण्ड-४५ सेकेण्ड सम्म | ४० सेकेण्ड-५५ सेकेण्ड सम्म |
| १.६ कि.मी.(१ माईल) दौड | १५ | ६ | ७ मिनेट-१० मिनेट | ९ मिनेट-१२ मिनेट |
| लङ जम्प | ५ | २ | १२ फिट-९ फिट | १० फिट-७ फिट |
| हाई जम्प | ५ | २ | ४ फिट-२.५ फिट सम्म | ३.५ फिट-२ फिट सम्म |
| सिट अप | ५ | २ | १५ पटक-५ पटक | १० पटक-३ पटक |
| पुस अप | ५ | २ | १५ पटक-५ पटक | १० पटक-३ पटक |
| चिन अप | ५ | २ | १० पटक-४ पटक | ३ पटक-१ मिनेटसम्म झुण्डिन सक्ने |
| कुल जम्मा | ५० | २० | - | - |

## २. दोस्रो चरण

**सामान्य स्वास्थ्य परीक्षण परीक्षा**

नगर प्रहरी पदको लागि अपनाउनु पर्ने सामान्य सिद्धान्तको आधारमा सैनामैना नगरपालिका अन्तर्गतका सरकारी स्वास्थ्य संस्थाबाट सामान्य स्वास्थ्य परीक्षण परीक्षा गराउनु पर्नेछ ।

## ३. तेस्रो चरण

### लिखित परीक्षा योजना

| क.सं. | विषय | पूर्णाङ्क | उत्तिर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या र अंकभार | समय |
|---|---|---|---|---|---|---|
| | सामान्य ज्ञान र बौद्धिक परीक्षा( आई.क्यू.) | ५० | २० | बस्तुगतः बहुबैकल्पिक प्रश्न(MCQS) | सामान्य ज्ञान (४० प्रश्न×१ अङ्क = ४०) बौद्धिक परीक्षा(आई.क्यू.) (१० प्रश्न×१ अङ्क = १०) | ४५ मिनेट |

### लिखित परीक्षाको पाठ्यक्रम

पूर्णाङ्कः ५०                                                                      समयः ४५ मिनेट

उत्तीर्णाङ्कः २०

### सामान्य ज्ञान तथा बौद्धिक परीक्षण

**अ) सामान्य ज्ञान**

(क) नेपालको ईतिहास, भुगोल, धर्म, जातजाति, भाषा, संस्कृति र जनसंख्या सम्बन्धी ज्ञान

(ख) नेपालको बर्तमान संविधान

(ग) नेपाल प्रहरी र प्रहरीको दर्जानी चिन्ह सम्बन्धी सामान्य ज्ञान

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धी जानकारी

(ङ) सैनामैना नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को सामान्य जानकारी

(च) महत्वपूर्ण समसामायिक राष्ट्रिय घटनाक्रमहरु

**आ) बौद्धिक परीक्षण( आई.क्यू.)**

साधारण जोड, घटाउ, गुणन, भाग लगायतका बौद्धिक परीक्षण

## ४. चौथो चरण

**अन्तर्वार्ता परीक्षा**